## सिद्धार्थनगर नगरपालिकाको नगरसभाको १७औं अधिवेशनका निर्णयहरु:

मितिः २०८१/१०/२८ गते सोमबार समयः दिनको २:०० बजे स्थानः महेन्द्र सभागृह

निर्णय नं. १(एक)

सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ अन्तर्गत साउन देखि पौष मसान्त सम्मको अर्धबार्षिक प्रगति प्रतिवेदन नगरसभाको १७ औं अधिवेशन समक्ष नगरसभाका अध्यक्ष एवम् नगरप्रमुख श्री इश्तियाक अहमद खाँज्यूबाट प्रस्तुत भयो । सिद्धार्थनगर नगरपालिकाको देहाय बमोजिमको अर्धबार्षिक प्रगति प्रतिवेदन सभालाइ जानकारी भयो ।

देहाय बमोजिम प्रतिवेदनः

निर्णय नं. २ (दुई)

सिद्धार्थनगर नगरपालिकाको प्राबिधिक कर्मचारी करारमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८१ विधेयकको मस्यौदा विधेयक समितिका संयोजक श्री नारायण प्रसाद उपाध्यायबाट सभामा पेश भयो। प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८१ को विधेयक देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।

पारित विधेयकः

सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८१

प्रास्तवनाः सिद्धार्थनगर नगरपालिकाद्वारा शुसासन, विकास र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापनको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित, पारदर्शी एवं समावेशी गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१" रहेकोछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" तथा स्थानीय निजामती सेवा ऐन, २०८१ सम्झनु पर्दछ ।

ख. "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

घ. "कार्यालय" भन्नाले सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३ बमोजिमको सेवासँग सम्बन्धित पदको कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ४ बमोजिम पदपूर्ति समिति सम्झनु पर्दछ ।

परिच्छेद २

दरबन्दी र पदपूर्तिको सम्वन्धी व्यवस्था

३. सेवा करार गर्न सक्नेः कार्यालयले देहायको सेवासँग सम्वन्धित प्राविधिक जनशक्ति स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षणको अधिनमा रही यस ऐन बमोजिम सेवा करारमा राख्न सक्नेछ ।

क. इन्जिनियरिङ्ग सेवासँग सम्वन्धित

ख. कृषि सेवासँग सम्वन्धित

ग. पशु सेवासँग सम्बन्धित
घ. स्वास्थ्य सेवासँग सम्बन्धित
ङ. अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित ।

४. <u>पदपूर्तिको समितिको गठन</u> दफा ३ को सेवासँग सम्बन्धित सम्पूर्ण पदहरुमा जनशक्ति भर्ना तथा पदपूर्तिको सिफारिस गर्नको लागी कार्यालयमा देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - | संयोजक |
| ख. संयोजकले तोकेको विषय विज्ञ अधिकृत स्तरको कर्मचारी | - | सदस्य |
| ग. नगरपालिकाको प्रशासन महाशाखा प्रमुख | - | सदस्य- सचिव |

५. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार:</u> पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. नगर सभाले स्वीकृत गरे बमोजिमको दरबन्दी अन्तर्गत रिक्त पदमा खुला प्रतियोगिताबाट करार पदपूर्तिका लागी पद निर्धारण गर्ने,
ख. रिक्त पदको पदपूर्ति गर्दा प्रदेश लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमलाई आधार मानिनेछ तर आवश्यकता अनुसार पदपूर्ति समितिले पाठ्यक्रम परिमार्जन गर्न सक्नेछ,
ग. पदपूर्तिको कार्य तालिका बनाउने,
घ. पदपूर्तिका लागी विज्ञापन प्रकाशन गर्ने,
ङ. परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,
च. नियुक्तिका लागी सिफारिस गर्ने,
छ. पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

६. <u>दरखास्त आव्हान :</u> (१) दफा ३ को सेवासँग सम्बन्धित पदहरुमा खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नको लागी १५ दिनको समय दिई कार्यालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ । यसरी प्रकाशन भएको सूचना नगरपालिकाले आफ्नो कार्यालयको सूचनापाटी तथा वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार उम्मेदवारलाई कार्यालयले अनुसूची (१) बमोजिमको दरखास्त फाराम उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको दरखास्त फाराम साथ उम्मेदवारले सूचनामा तोकिए बमोजिमका न्यूनतम शैक्षिक योग्यता तथा अन्य आवश्यक कागजात तथा प्रमाणपत्रका प्रतिलिपि स्वयंले प्रमाणित गरी दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रीतपूर्वक प्राप्त हुन आएको आवेदन फारममा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त फाराम स्वीकृत गरी प्रवेश पत्र उम्मेदवारलाई उपलब्ध गराउनु पर्नेछ ।

७. पदपूर्ति सम्बन्धी व्यवस्थाः (१) दफा ३ (१) बमोजिम दरखास्त आह्वान भएका पदहरुमा देहाय बमोजिमको परीक्षा किसिम निर्धारण गरी करारमा पदपूर्ति गरिनेछ ।

क. लिखित परीक्षा

ख. प्रयोगात्मक परीक्षा

ग. अन्तर्वार्ता

तर, लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता परीक्षामा सहभागी हुन पाउनेछन् ।

(२) समितिले वस्तुगत र विषयगत गरी लिखित परीक्षा १०० पूर्णाङ्क, शैक्षिक योग्यता, कार्यअनुभव लगायतको लागी २५ अङ्क तथा सम्बन्धित विषयको प्रयोगात्मक परीक्षाको लागी २० अङ्क र अन्तर्वार्ता परीक्षाको लागी ३० अङ्क गरी कुल १७५
अङ्कको पूर्णाङ्क तय हुने गरी पाठ्यक्रम निर्धारण गर्नुपर्नेछ ।

(३) पदपूर्ति समितिले दफा (२) बमोजिम प्राप्त भएको अङ्क देहायको आधारमा प्राप्त हुने अङ्क समेत जोडी कुल प्राप्ताङ्क गणना गर्नुपर्नेछ ।

क. शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत बापत ५ (पाँच) अङ्क, (प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणी बापत ५ (पाँच), द्धितीय श्रेणी बापत ४ (चार) र तृतीय श्रेणी बापत ३ (तिन) अङ्क)

नोटः ग्रेडिङ्ग प्रणाली भएको हकमा देहाय बमोजिम अङ्क प्रदान गर्नुपर्नेछ ।

(१) ग्रेड B भन्दा माथि - ५ (पाँच)
(२) ग्रेड C+ भन्दा माथि - ४ (चार)
(३) ग्रेड C वा सो भन्दा कम - ३ (तिन)

ख. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा काम गरेको अनुभव लागी १०(दस) अङ्क मध्ये समितिले देहाय बमोजिम अङ्क प्रदान गर्नुपर्नेछ ।

(१) १ वर्ष सम्म - ५ अङ्क
(२) १-२ वर्ष सम्म - ७.५ अङ्क
(३) २-३ वर्ष सम्म - ९ अङ्क
(४) ३ वर्ष भन्दा वढी - १० अङ्क

ग. सम्वन्धित नगरपालिकाको स्थायी वासिन्दाका लागी १० (दश) अङ्क, सम्वन्धित जिल्लाको वासिन्दा भएमा - ८ (आठ) अङ्क र अन्य जिल्लाको लागी ६ (छ) अङ्क)

८. <u>अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्ने:</u> यसै ऐनको दफा (७) को उपदफा (२) र (३) बमोजिम कायम हुने अन्तिम योग्यताक्रमको सूचीबाट पदपूर्ति समितले उत्तीर्ण उम्मेदवारको योग्यक्ताक्रम सूची कायम गरी परीक्षाफल प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद ३

## <u>नियुक्ति, सेवा करार तथा पारिश्रमिक सेवा सुविधा सम्बन्धी व्यवस्था:</u>

९. <u>नियुक्ति सम्बन्धी व्यवस्था:</u> (१) समितिले दफा ८ बमोजिम अन्तिम योग्यताक्रम सूची प्रकाशन गरी नियुक्तिका लागी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश पेश गर्नेछ। यसरी सिफारिस गर्दा कूल रित्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत राख्नुपर्नेछ।

(२) यसरी समितिबाट पदपूर्तिका लागी सिफारिस भै आएपछि प्रमुख प्रशासकीय अधिकृतले ७ दिन भित्र नियुक्ति गर्नपर्नेछ।

(३) वैकल्पिक उम्मेदवारले १ वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(४) दफा (२) बमोजिम नियुक्ति भएका कर्मचारीको करार सम्झौता नवीकरण गर्दा सामान्यता आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार सम्मका लागी मात्र करार सम्झौता गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा नगरपालिकाले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ ।

(५) सम्झौता बमोजिम सेवी करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकीय अधिकृतले पुनः सम्झौता नवीकरण गर्न सक्नेछ ।

(६) सेवा करार सम्झौता गरिएका कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(७) यस ऐन बमोजिम करार गरिएको पद वा दरबन्दीमा प्रदेश लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागी सिफारिस भएमा त्यस्तो व्यक्तिको करार स्वतः समाप्ति हुनेछ ।

(८) करार सम्झौता गरिएको प्राविधिक कर्मचारीको कार्य सन्तोष जनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ ।

## परिच्छेद ४

## विदा सम्बन्धी व्यवस्था

१०. विदा अधिकारको कुरा होईन (१) सेवा करारमा कार्यरत कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ ।

(३) यसरी करारमा नियुक्ति हुने कर्मचारीको अन्य व्यवस्था लुम्बिनी प्रदेशको स्थानीय निजामति सेवा ऐन, २०८१ मा भए बमोजिम विदा पाउनेछन् ।

(४) विदा नलिई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गरिनेछ।

## परिच्छेद ५

## विविध

११. ऐन संशोधन तथा कानून निर्माण गर्न सक्नेः नगरसभाले यो ऐन कार्यान्वयन गर्ने क्रममा आवश्कता अनुसार संशोधन तथा नियमावली र कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

१२. खारेजी र बजाउः

(१) देहायको कार्यविधि खारेज गरिएको छ ।

क. सिद्धार्थनगर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेखित कार्यविधि बमोजिम भए गरेका कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

निर्णय नं. ३ (तिन)

सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई (प्रथम संशोधन) गर्न बनेको विधेयक, २०८१ विधेयकको मस्यौदा विधेयक समितिका संयोजक श्री नारायण प्रसाद उपाध्यायवाट सभामा पेश भयो। शिक्षा ऐन, २०७४ लाई (प्रथम संशोधन) गर्न बनेको विधेयक, २०८१ को संशोधित विधेयक देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।

पारित विधेयकः

**सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन , २०७४ लाई प्रथम संशोधन गर्न बनेको विधेयक**

प्रस्तावनाः सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न वान्छनिय भएकोले,

सिद्धार्थनगर नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सिद्धार्थनगर नगरपालिकको शिक्षा (प्रथम संशोधन) ऐन,** २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेपश्चात लागु हुनेछ ।

२. **सिद्धार्थनगर नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ९ मा संशोधनः** शिक्षा ऐन, २०७४ दफा ९ को उपदफा १ बमोजिम नगरपालिका क्षेत्रभित्र सन्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि नगरकार्यपालिकाले देहाय बमोजिम नगर शिक्षा समिति गठन गर्नेछ । (क) नगर प्रमुख-अध्यक्ष भन्ने वाक्यको पछि (ख) थप गरी नगर उपप्रमुख - उपाध्यक्ष भन्ने थपिएको छ ।

यस पछि (ख) मा उल्लेख भएको प्रमुख प्रशासकीय अधिकृत - सदस्यलाई क्रमशः (ग) मा रहने र त्यसपछि अन्य क्रमशः सोही बमोजिम अक्षरको बर्णानुक्रम अनुसार मिलान गरी बर्णानुक्रमलाई क्रमशः संसोधन गरिएको छ । (ख लाई ग, ग लाई घ, घ लाई ङ, ङ लाई च, च लाई छ, छ लाई ज, ज लाई झ र झ लाई ञ बनाई संशोधन गर्ने) ।

निर्णय नं. ४ (चार)

सिद्धार्थनगर नगरपालिकाको चालु आर्थिक बर्ष २०८१/८२ का लागि पारित भएको कार्यक्रमहरु मध्ये देहाय वमोजिका कार्यक्रमहरु संशोधन गरी वजेट रकमान्तर गर्ने निर्णय गरियो ।

रकमान्तर बजेट:

सातौं नगरसभाबाट हुने रकमान्तर

| सिनं | कार्यक्रम | सुरु बजेट | रकमान्तर घट | रकमान्तर थप | कायम हुने बजेट |
|---|---|---|---|---|---|
| 1 | मेयर आवास कार्यक्रम | 6300000 | 6300000 | | 0 |
| 2 | वार्ड 10 को सूर्यदेव मावि हल निर्माण | 0 | | 10000000 | 10000000 |
| 3 | प्रशासनिक भवन निर्माण थप | 30000000 | | 10000000 | 45000000 |
| 4 | वार्ड 12 भवन निर्माण | 4300000 | 4300000 | | 0 |
| 5 | वार्ड 6मा इद्रिस पथमा परवानाको घर सम्म को बाटो निमाण को नाम परिवर्तन गरि इश्लाम पथ बनाउने | 1000000 | | | 1000000 |
| 6 | वार्ड 12 स्थित कालिका स्थान गाउभित्र सार्वजनिक शौचालय निर्माण | 500000 | 500000 | 0 | 0 |
| 7 | शिव पथ सडक निर्माण तथा स्तारुन्नती कार्य, वडा न. १२ | 800000 | | 1000000 | 1800000 |
| 8 | वार्ड 6 स्थित रहमानिया मस्जिद मदरसा पुर्वाधार निर्माण स्तरोन्नति को रकम मर्ज गरिअधुरो रहमानिया मुसोफिर खाना पुर्वाधार निर्माण मा थप गर्न | 850000 | | 850000 | 1700000 |
| 9 | गहको विउ वार्ड 4 | 500000 | 500000 | | 0 |
| 10 | सिचाइ को लागि बोर जडान वार्ड 4 | 500000 | 500000 | | 0 |
| 11 | सुत्केरि पोषण-4 | 200000 | 200000 | | 0 |
| 12 | एक घर एक रुख-4 | 100000 | 100000 | | 0 |
| 13 | जिंक सल्फर लगायतका मल-4 | 150000 | 150000 | | 0 |
| 14 | खानेपानी पाइप लाइन विस्तार-4 | 200000 | 200000 | | 0 |
| 15 | नयाँ विद्युतको केबल तार जडान -4 | 300000 | 200000 | | 100000 |
| 16 | सँघ सँस्थालाइ भौतिक सामग्रि सहयोग गर्ने -4 | | | 450000 | 450000 |
| 17 | स्टक टोल शिव मन्दिरमा झ्याल ढोका तथा टायल लगाउन-4 | | | 200000 | 200000 |
| 18 | दोगहरा धर्मशालामा रंग रोगन तथा विजुलि वायरिंग-4 | | | 300000 | 300000 |
| 19 | नाला निर्माण -4 | | | 100000 | 100000 |
| 20 | वडा कार्यालयलाइ आवश्यक साउण्ड सिस्टम -4 | | | 100000 | 100000 |
| 21 | वडा कार्यालयलाइ डिजिटल क्यामेरा खरिद-4 | | | 100000 | 100000 |
| 22 | कवरिस्तथान स्थलमा मर्मत सम्भार -4 | | | 100000 | 100000 |
| 23 | नूरि मस्जिद -4 | | | 300000 | 300000 |
| 24 | सामाजिक विकास तर्फ -4 | | | 200000 | 200000 |
| 25 | सामाजिक समावेशिकरण वार्ड 5 | 50000 | 50000 | | |
| 26 | जेष्ठ नागरिक अपांग एबम् अन्यका लागि तिर्थयात्रा-5 | | | 100000 | 100000 |
| 27 | सुशासन तर्फ -5 | 50000 | 50000 | | |
| 28 | फ्रि वाइफाइ जोन -5 | 200000 | 150000 | | 50000 |
| 29 | छठ पोखरि निर्माण -5 | | | 150000 | 150000 |
| 30 | सिन्दुरिकरणका लागि विद्युतिकरण -5 | 300000 | 250000 | | 50000 |
| 31 | सुन्दरिकरण -5 | | | 250000 | 250000 |
| 32 | आनन्द मण्डलि लाइ इन्टरलक विच्छ्याउने कार्य - वार्ड 12 | 500000 | 500000 | | 0 |

| | | | | | |
|---|---|---|---|---|---|
| 33 | आनन्द मण्डलि को दोस्रो तला भवन निर्माण कार्य -वार्ड 12 | | | 500000 | 500000 |
| 34 | महालक्ष्मि विकास बैंक छेउको गल्लि बाटो निर्माण वार्ड 12 | 200000 | 200000 | | 0 |
| 35 | फुटकर खर्च-12 | | | 200000 | 200000 |
| 36 | रानी गाउ श्याम गुरुंगको घर देखि किसन थापाको बाटो निर्माण कार्य गर्न वार्ड 1 | 1000000 | 1000000 | | 0 |
| 37 | पक्लिहवा मावि खेल मैदान स्तरउन्नति 1 | | | 650000 | 650000 |
| 38 | फुटकर खर्च-1 | 412500 | | 350000 | 762500 |
| 39 | विपद व्यवस्थापन कार्यक्रम -1 | 50000 | 50000 | | 0 |
| 40 | जनस्वास्थ्य रोड प्रताप जवालिको घर देखि पश्चिम तर्फ देखि उतर जाने बाटो | 800000 | 800000 | | 0 |
| 41 | सानो दुम्दुमवा दिपक पण्डितको घरदेखि श्रीराम पासिको घर सम्म आर सिसि ढलान | 300000 | 300000 | | 0 |
| 42 | कल्याण पथ मुश्लिम मुसलमान को घर देखि नया कोलोनि जोइड्ने बाटो तथा नाला सहित स्तरोन्नति | 600000 | | 1100000 | 1700000 |
| 43 | तिनकुने चोक देखि पुर्वतर्फ तुल्सिराम पराजुलिको घर अगाडिको नाला मर्मत भन्नेमातिनकुने चोक देखि पुर्वतर्फ तुल्सिराम पराजुलिको घर अगाडिको नाला तथा उद्योग व्यापार संगठन जाने नाला तथा बाटो मर्मत तथा निर्माण कार्य | 200000 | | | |
| 44 | खेलकुद विकास -1 | 225000 | | 50000 | 275000 |
| 45 | सिनपा नगरपालिकाको नाममा जग्गा खरिद गर्ने - वार्ड 10 | 2500000 | 2500000 | | 0 |
| 46 | सिनपा 10 वडा कार्यालय देखि पुर्व गएको बाटो लाइ आर सि सि ढलान गर्न | | | 1800000 | 1800000 |
| 47 | वार्ड 10 शंकरपुर टोलमा रहेको मदरशा र मश्जिदमा एसि र सिसिटिभि क्यामेरा जडान गर्ने | | | 300000 | 300000 |
| 48 | सिनपा 10 दोगहरि टोलमा विकास कोइरि को घर देखि एयरपोर्ट ले बनाएको कल्भर्ट सम्म नाला निर्माण गर्न र पश्चिम टोल मा रहेको अधुरो नाला सम्पन्न गर्ने | | | 400000 | 400000 |
| 49 | वार्ड 10 मा सार्वजनिक ठाउमा सिमेन्ट कुर्शि खरिद गर्ने | 500000 | 500000 | | 0 |
| 50 | वार्ड 4 को बेलाहडिया टोल देखि गौतम बुद्द होटल सम्म निर्माण नाला गरि ढक्कन लगाउन | | | 500000 | 500000 |
| 51 | वार्ड 2 क्रियापुत्रि को लागि सेड र हेण्ड पाइप निर्माण | 500000 | 500000 | | 0 |
| 52 | वार्ड 2 को न्युरोड कोलोनि पिपलबोट निर प्रतिक्षालय निर्माण | 500000 | 500000 | | 0 |
| 53 | वार्ड 2 का विभिन्न सडक स्तरोन्नति | | | 1000000 | 1000000 |
| 54 | युवा लाइ सिपमुलक कार्यक्रम एसि फ्रिज मर्मत र कुक सम्बन्धि तालिम | 300000 | 300000 | | 0 |
| 55 | तमुह्युल छोज धि गुरुंग राष्ट्रिय परिषदलाइ महिला सिपमुलक कार्यक्रम | 100000 | | 50000 | 150000 |
| 56 | ढाक्रे क्लब 4 लाइ | 50000 | | 50000 | 100000 |

| | | | | | |
|---|---|---|---|---|---|
| 167 | भुजौलि स्थित छठ घाटमा भौतिक पूर्वाधार निर्माण तथा स्तारुन्नती कार्य, वडा नं. ११ | ३०,००,०००.०० | 1000000 | | |
| 168 | क्रियापुत्री भवन पुर्वाधार निर्माण कार्य, वडा नं ८ | १०,००,०००.०० | 1000000 | | |
| 169 | स्काउट गठन तथा परिचालन | 200000 | 200000 | | |
| 170 | सडक खाना महोत्सव | | | 200000 | |
| 171 | वडा न. १३ स्थित सुसंस्कृत मा.वि. मा पूर्वाधार तथा हल व्यवस्थापन निर्माण कार्य | ८,००,०००.०० | 143000 | 0 | |
| | | | 53509000 | 53509000 | |